श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले निषेधित क्षेत्रमा पर्ने डोल्पा जिल्लाको गाउँ पञ्चायतहरू मध्ये देहायका इलाकाको देहायका गाउँ पञ्चायतहरूलाई निषेधित क्षेत्रमा कायम राखी अरू सबै गाउँ पञ्चायतहरू विदेशीहरूको आवागमनको लागि खुला गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

१. इलाका नं. ७ (सालदाङ गा.पं., भिजेर गा.पं. र तिन्जे गा.पं.)
२. इलाका नं. ९ (छार्का गा.पं. र मुकोट गा.पं.)

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का.मु. सचिव

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय ओखलढुङ्गाका प्र.जि.अ. श्री मुकुन्द प्रसाद आचार्य घरबिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बासुदेव गुरागाईलाई मिति २०४५।१२।२ देखि का.मु. मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय अर्घाखाँचीका प्र.जि.अ. श्री रेवतीराज काफ्ले घरबिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि.,२०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बाबुराम पौडेललाई मिति २०४५।१२।६ देखि का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१